# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

मिति :- २०७७/०५/१८

पत्र संख्याः ......................

च.नं.ः ................................

त्रिभुवन विश्वविद्यालय नेपाल ल क्याम्पस

## अत्यन्त जरुरी सूचना !

विश्वभर फैलिएको कोभिड- १९ ले उत्पन्न गरेको संकटका कारण भौतिक रुपमा उपस्थित भई पठन पाठन सञ्चालन गर्न गराउन सम्भव नभएकोले त्रिभुवन विश्वविद्यालयद्धारा समय समयमा जारि परिपत्र तथा निर्देशानुसार यस क्याम्पसमा सञ्चालित विभिन्न तहका शैक्षिक कार्यक्रमहरुको पठन पाठनलाई Microsoft Office 365 को Teams Apps मार्फत् अनलाइन कक्षाहरु सञ्चालन गर्ने गराउने गरी यस क्याम्पसद्धारा समय समयमा अनुरोध भएअनुसार यस क्याम्पसमा सेमेस्टर प्रणाली अन्तर्गत सञ्चालित सबै तहका शैक्षिक कार्यक्रमहरु अनलाइन कक्षा मार्फत् सञ्चालन भई आएको व्यहोरा सम्पूर्ण प्राध्यापकज्यूहरु तथा विद्यार्थीहरु सबैमा अवगत नै छ । अतः सम्पूर्ण प्राध्यापकज्यूहरुलाई Microsoft Office 365 को Teams Apps बाट मात्र अनलाइन कक्षाहरु सञ्चालन गर्नुहुन पुनः हुन अनुरोध छ । अनलाइन मार्फत् कार्य गर्न सहजताका लागि यस क्याम्पसमा कार्यरत सम्पूर्ण प्राध्यापकहरु, कर्मचारीहरु तथा विद्यार्थीहरुको आधिकारिक इमेल खाताका लागि त्रि.वि. समक्ष विवरण पेश गरी सम्पूर्ण प्राध्यापकहरु, कर्मचारीहरु तथा विद्यार्थीहरुको आधिकारिक इमेल खाता सम्बन्धित सबैलाई उपलब्ध गराई सकिएकोले आफ्नो आधिकारिक इमेल खाता मार्फत् Microsoft Office 365 को Teams Apps को माध्यमबाट मात्र अध्ययन/अध्यापन गर्नु गराउनु हुन तथा आवश्यक सूचना आदानप्रदान गर्नुहुन त्रि.वि. को निर्देशानुसार सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै **नेपाल टेलिकमले शिक्षक तथा विद्यार्थीहरुलाई उपलब्ध गराएको e-Shikshya Package & Happy Learning Pack लिई सुलभ दरमा इन्टरनेट प्याकेज प्रयोग गरी कक्षामा सहभागी हुन चाहने विद्यार्थीहरुले यस क्याम्पसको Facebook पेज facebook.com/nepal lawcampus मा राखिएको अनलाईन फर्म भरिदिन हुन समेत अनुरोध छ ।** उक्त Microsoft Office 365 को Teams Apps मार्फत् अध्ययन/अध्यापन गर्न गराउनमा कुनै प्राविधिक सहयोग आवश्यक भएमा यस क्याम्पसका प्राविधिक कर्मचारी श्री मेक राना (९८५११४१७५१) लाई सम्पर्क गर्नु हुन समेत अनुरोध छ ।

..............................

डा. डि.एन. पराजुली

क्याम्पस प्रमुख

क्याम्पस प्रमुख

फोनः ९७७-०१-४२२५३५८, फ्याक्सः ९७७-०१-४२३२२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np